# अधिगम प्रारूप

## Lesson plan

विद्यालयको नाम----------------------------------------------------

| | |
|---|---|
| कक्षाः- | विषयः नेपाली |
| अवधिः ४० | पाठ एकाईःसाहित्य सुधा(कविता)<br>धरणीधर कोइराला |
| दिनाङ्कः ------------------------------ | क)उप-एकाई- अति सुन्दर----------सार्थक रे ।<br>ख)न झाँक्रि,न----------------------औषधि हो ।<br>ग) सब कल्मष--------------नचाउँछ यो । |
| छात्रको संख्याः---------------- | आजको पाठ- क) अति सुन्दर----------सार्थक रे<br>ख) सब कल्मष--------------नचाउँछ यो । |
| शिक्षकको नामः-----------------------------<br>--- | |

अधिगम उद्धेश्य/लक्ष्यहरूको पहिचानः(संशोधित ब्लूम वर्गीकरण माथि आधारित )

स्मरणमूलक

. अधिगमकर्तामा कवि धरणीधर कोइरालाको जन्म र मृत्यु याद राख्न सक्ने क्षमता हुनु (तथ्यपरक)

शिक्षार्थीले साहित्य- सुधा शब्दको अर्थ बताउन सक्छन् ।( तथ्यपरक)

## वोधमूलक

शिक्षार्थीलाई साहित्य –सुधा कवितामा मानव जीवनलाई सार्थक बनाउने तत्वको बोध हुँदछ ।( धारणापरक)

अधिगमकर्तालाई साहित्यिक एंव भावानात्मक विषयमा ज्ञान हुँदछन् ।(तथ्यपरक )

## प्रयोगमूलक

अधिगमकर्ताले कवितामा प्रयुक्त शब्द मानव,सुन्दर ,सार्थक, रसपान आदि शब्दलाई नवीन वाक्यमा प्रयोग गर्न सक्दछन् ।( प्रक्रियात्मक )

शिक्षार्थीले कविताको प्रासांगिकता एंव साहित्यिक उपादेयताको विवेचन गर्न सक्दछन् ।(अभिज्ञानात्मक)

## विश्लेषणपरक

शिक्षार्थीले प्रस्तुत कविताका विषयमा सक्रिय रूपले आलोचना गर्दछन् ।(प्रक्रियात्मक )

अधिगमकर्ताले साहित्य सुधा  कवितालाई अन्य कविता सित तुलना गर्न सक्दछन् ।

## मूल्याङ्कनपरक

शिक्षार्थीले साहित्यका नवीन समस्याको बारेमा मूल्याङ्कन गर्न सक्दछन् । ।(अभिज्ञानात्मक)

शिक्षार्थीले साहित्यका विभिन्न तत्वहरूलाई राम्रो कुरा सिक्नको  निम्ति अभिप्रेरित गर्न सक्दछन् । । (प्रक्रियात्मक )

## सृजनामूलक

अधिगमकर्ताले साहित्य सुधा कविता सित सम्बन्धित विभिन प्रकारका चित्रहरू बाउन सक्दछन् । (प्रक्रियात्मक )

अधिगमकर्ताले साहित्य सुधा माथि आधारित अन्य कविताहरू पनि सृजना गर्न सक्दछन् । (अभिज्ञानात्मक)

## अधिगमकत्ता एंव प्रकरणको विश्लेषण

वर्तामान सन्दर्भमा साहित्य सुधा कविताका अपेक्षित व्यवहार बारेमा जान्नको निम्ति निम्नलिखित प्रश्न गर्न अर्थात पूर्व ज्ञानको परीक्षणः-
१. मानव जीवन कस्तो छ ?
२.यसलाई अझ सुन्दर बनाउन के गर्नु पर्छ ?
३. मानव जीवनलाई सार्थक बनाउने तत्व के हो?
४.मनको रोग कसरी निको पार्न सकिन्छ ?

## अधिगम सामग्रीको चयन

श्यामपट्ट,चक, डस्टर,
चार्ट, चित्र, नमूना,
पाठ्य- पुस्तक,सहायक सन्दर्भ पुस्तक ,
पावर पोइन्टको प्रयोग

## ४ अधिगम कार्यनीति/रणनीति

| अधिगम विन्दु | अधिगम सम्बन्धि कार्यनीति |
| --- | --- |
| -------------------**प्रथम सोपान**--------------------<br>कवि धरणीधर कोइरालाको  संक्षिप्त परिचय<br>जन्म एवं मृत्यु ,<br>प्रमुख रचना<br><br>साहित्य सुधा कविताको भूमिका | शिक्षकले श्यामपट्टमा प्ररम्भिक सूचना ,उप एकाई ,रचनाकारको नाम एवं कठिन शब्दलाई स्पष्ट रूपले लेख्नुपर्छ ।<br><br>श्यामपट्ट कार्य<br><br>दिनाङ्कः----------- विषय- नेपाली<br>पाठ एकाई - साहित्य सुधा (कविता)<br>रचनाकार – धरणीधर कोइराला<br><br>आजको पाठ- क) अति सुन्दर----------सार्थक रे ।<br>ख)न झाँक्रि,न---------------------औषधि हो ।<br>जन्मः १८९२,नेपालको जनकपुर, सिन्धुली जिल्ला पर्ने दुम्जा भन्ने गाउँ ।<br>मृत्युः १९८० ।<br>प्रमुख रचनाः- नैवेद्य,स्पन्दन, नेपाल मञ्जरी । |

| अधिगम विन्दु | अधिगम सम्बन्धी कार्यनीति |
|---|---|
| **द्वितीय सोपान**<br>शिक्षकद्वारा पद्यांशको प्रस्तुतीकरण<br>छात्रहरूको श्रवण कौशललाई विकसित गर्नु ।<br>छात्रहरूको वाचन कौशललाई विकसित गर्नु । | **आदर्श वाचन**<br>अति सुन्दर मानव जीवन यो<br>अझ सुन्दर पार्नु कसोगरि हो?<br>गरि काव्य-सुधा रसपान अरे<br>गर मानव जीवन सार्थक रे ।<br>शिक्षकले कविताको लय आरोह-अवरोहलाई ध्यानदिएर वाचन गर्नुपर्ने ।<br>अनुकरण वाचन----शिक्षआर्थी शिक्षकको निर्देशानुसार पद्यांशलाई अनुकरण गर्नेछन् ।<br>श्यामपट्ट कार्य<br>शब्द — अर्थ — अन्य-कार्य<br>काव्य — गद्य,पद्य साहित्य — छात्रहरूलाई<br>सुधा — अमृत — कठिन शब्द<br>सार्थक — काम लाग्ने — लेख्न लगाउनु। |

**अशुद्धि –संशोधन**
छात्रहरूलाई कविताको केन्द्रभाव संग परिचित गराउन एवं ,त्यसमा भएका विभिन्न प्रकारका भावहरूलाई छात्रहरूमा विकसित हर्नु ।

भाव- विश्लेषणात्मक प्रश्न

छात्रहरूमा स्व-ध्यानको विकास

अन्य व्यूह रचनाहरू –क्रियाकलाप

यदि छात्राले कुनै पनि शब्दलाई अशुद्ध रूपमा उच्चारण गरेको खण्डमा त्यसशब्दलाई सही तरिकाले उच्चारण गराउन प्रयास गराउने ।

कठिन शब्दका साथ-साथै शिक्षकले प्रश्नोत्तर अर्थात उपयुक्त विधिद्वारा कविताको मूल-भाव बुझाउनु पर्ने ।

१ मानव जीवनलाई सुन्दर बनाउने तत्व के हो?
२ काव्य सुधालाई हामीले के गर्नु पर्नेछ?
३ कसले मानव जीवनलाई सार्थक बनाउँछ?

**मौन वाचन-**शिक्षकले छात्रलाई पठित पद्यांशलाई मन मनै वाचन गर्ने आदेश दिनुपर्छ । समूह चर्चा एवं भूमिका निर्वाहद्वारा शिक्षकले पाठलाई रोचक एवं प्रभावकारी बनाउनु पर्नेछ ।

# मूल्याङ्कनको प्रारूप(प्रश्न तथा अन्य क्रियाहरू द्वारा )

१.कविताको उद्धेश्य वाक्यभित्र लेख
२. मानव जीवनमाथि साहित्यको प्रभाव विषयमा संक्षिप्त टिप्पणी लेख
३ अति सुन्दर मानव जीवन यो
अझ सुन्दर पार्नु कसोगरि हो?
गरि काव्य-सुधा रसपान अरे
गर मानव जीवन सार्थक रे ।
प्रस्तुत पंक्तिको भव स्पष्ट गरी लेख

४. साहित्य सुधा कविताको प्राङ्गिकता माथि विचार प्रस्तुत गर ।

५ निम्नलिखित शब्दहरूका अर्थ स्पष्ट पार्दै वाक्यमा प्रयोग गर ।
क) सुधा ख) मानव ग) सार्थक ।

६. खाली ठाउँ भरः-
अति सुन्दर ------------------- यो
गरि काव्य-सुधा --------------- अरे
गर मानव जीवन -------------- रे ।

## ६. निदानात्मक एवम् उपचारात्मक कार्यः

मूल्याकन पश्चात आवश्यकतानुसार ,शिक्षक, शिक्षिकाले अधिगमका कमी कमजोरीहरूलाई विश्लेषण गर्नेछन् ।

१.कमी कमजोरीको कारण पत्त लगाउनु ।

२. कौशल अधिगम प्रक्रियाका समय देखापरेका दोष एवम् त्रुटिहरूमा सुधार ।

३.भाषिक तथा यान्त्रिक माध्यमको सहोग ।

उदाहरण-

यी शब्दहरूका अभ्यास गर्नु -

काव्य
साहित्य
मानव
सार्थक
रसपान